जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १४३ २०७७ साल पुस २० गते सोमबार (4 Jan. 2021 Monday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थावाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालमा पनि जलपन्छी ... ३ पृष्ठमा : सखडेश्वरी, महिषमर्दिनी,... ३ पृष्ठमा : अफगानमा रक्तपात जारी ...

# आफ्नै पार्टी भित्रको असहयोगका कारण प्रधानमन्त्रीले चाले कदम : प्रदेश इन्चार्ज मण्डल



**दैनिक समाचारदाता**
**राजविराज, १९ पुस ।**

नेकपा केपी ओली पक्षमा रहेका प्रदेश २ का इन्चार्ज सत्यनारायण मण्डलले आफ्नै पार्टी भित्रको असहयोगका कारण प्रधानमन्त्रीले ताजा जनादेशका लागि प्रतिनिधी सभा विघटन गरेको बताएका छन् ।

उनले पार्टीका अगुवा कार्यकर्तालाई निर्वाचनको तयारीमा जुट्न आग्रह गर्दै बिरोधीहरुले जतिसुकै वहाना बनाएपछि निर्वाचन भएरै छाड्ने ठोकुवा समेत गरे ।

आइतबार राजविराजमा आयोजित अगुवा कार्यकर्ता भेला तथा अनुशिक्षण एवं सम्मान कार्यक्रममा बोल्दै नेकपा स्थायी समितिका सदस्य समेत रहेका उनले प्रधानमन्त्रीमाथी अविश्वासको प्रस्ताव र राष्ट्रपतिमाथी महाअभियोग सम्मको तयारीमा भइरहेकोले प्रधानमन्त्री ताजा जनादेशमा जानु परेको स्पष्ट पारेका छन् ।

उनले प्रधानमन्त्रीलाई हातखुटा बाँधे झैं विभिन्न बहानामा काम गर्न नदिन, आफन्तलाई विभिन्न निकायमा नियुक्तिका लागि दवाब दिने जस्ता काम पार्टी भित्रैबाट प्रचण्ड नेपाल समूहले गरेर सरकारलाई अफ्ठ्यारोमा पारेको उनको आरोप छ ।

यस्तै कार्यक्रममा पार्टीका प्रदेश २ का सचिव तथा राष्ट्रिय सभा सदस्य सुमनराज प्याकुरेलले अदालतमा बिचाराधिन रहेको मुद्दामा पनि निर्णयको प्रतिक्षा नगरि बिरोधीहरुले पार्टी भित्र थालेको षडयन्त्र र प्रचारबाजीप्रति सचेत रहन अगुवा कार्यकर्ताहरुलाई आग्रह गरे ।

पार्टीभित्रै बिरोधीद्वारा निषेधको राजनीतिक सुरु गरिएको आरोपका साथ उनले प्रधानमन्त्रीले चालेको कदमप्रति सर्वोच्च अदालत तथा पार्टीको आधिकारिताका बारेमा निर्वाचन आयोगको निर्णय कुर्नु नै उचित हुने बताए ।

कार्यक्रममा सप्तरी जिल्लाबाट प्रतिनिधित्व गर्ने पार्टीका नवनियुक्त केन्द्रिय सदस्य सुखराम यादव, गंगाप्रसाद यादव, उत्तम गौतम, देवनारायण चौधरी, मो. अब्दुल मजिद सकिर, रत्नेश्वर यादवसहित दुई दर्जन अगुवा कार्यकर्तालाई सम्मान गरिएको छ ।

कार्यक्रममा जिल्लाबाट प्रतिनिधित्व गर्ने सबै केन्द्रिय सदस्य, प्रदेशसभा सदस्य, जिल्ला संगठनका पदाधिकारी एवं यूवा विद्यार्थी अगुवाहरुको सहभागिता रहेको छ ।

# सापकोटाद्वारा सर्वोच्च अदालतलाई लिखित जवाफ

**दैनिक समाचारदाता**
**काठमाडौं, १९ पुस ।**

विघटित प्रतिनिधि सभाका सभामुख अग्निप्रसाद सापकोटाले सर्वोच्च अदालतलाई लिखित जवाफ पठाएका छन् ।

अहिलेको अवस्थामा प्रधानमन्त्रीलाई प्रतिनिधि सभा विघटन गर्ने अधिकार नभएको भन्दै सापकोटाले सर्वोच्चलाई लिखित जवाफ पठाएका हुन् ।

सापकोटाले अविश्वास प्रस्तावको दर्ता समयसमेत उल्लेख गरेर लिखित जवाफ पठाएको उनको सचिवालयले जनाएको छ ।

नेपालको संविधानले यो परिस्थितिमा प्रधानमन्त्रीलाई प्रतिनिधि सभा विघटन गर्ने अधिकार नदिएको र संसदबाट अर्को प्रधानमन्त्री बन्ने अवस्था रहँदा रहँदै संसद् विघटन गर्न नमिल्ने उनले पठाएको जवाफमा उल्लेख छ ।

प्रतिनिधि सभा विघटनलाई लिएर सर्वोच्च अदालतले प्रधानमन्त्री कार्यालय, राष्ट्रपति कार्यालय र संसद् सचिवालयसँग प्रतिनिधि सभा विघटन गर्नुको कारण आइतबारसम्मको समय दिएर लिखित जवाफ मागेको थियो ।

गएको पुस ५ गते प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिनिधि सभा विघटन गरेका थिए । प्रतिनिधि सभा विघटनपछि प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेससहित नेपाल कम्युनिस्ट पार्टीका नेताहरूले आपत्ति जनाउँदै आएका छन् । प्रतिनिधि सभा विघटनपछि नेकपा ओली समूह र प्रचण्ड-नेपाल समूहमा विभाजित भएको छ ।

# प्रधानमन्त्रीको अलोकतान्त्रिक, असंवैधानिक कदम हो : मुख्यमन्त्री राउत

**दैनिक समाचारदाता**
**धनुषा, १९ पुस ।**

प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले प्रधानमन्त्रीको संसद विघटन गर्नु अलोकतान्त्रिक, असंवैधानिक कदम भएको बताएका छन् ।

सरकार बन्ने व्याप्क सम्भावना रहेको अवस्थामा पनि प्रधानमन्त्रीले सत्ताको दुरुपयोग गरी संसद विघटन गरेको उनको आरोप छ ।

जनता समाजवादी पार्टी निकट युवाहरुको प्रशिक्षण कार्यक्रमलाई आइतबार जनकपुरमा सम्बोधन गर्दै मुख्यमन्त्री राउतले उक्त आरोप लगाएका हुन् ।

उनले संविधानले नै सरकार बनाउने विभिन्न सम्भावना हुँदाहुँदै पनि संसद विघटन गरेर देशलाई अस्थिरतातर्फ धकेल्न खोजेको भन्दै संविधान बन्ने बेला आफू पनि मस्यौदा समितिको सदस्य रहेकोले त्यस बेला संविधानमा सिधै संसद विघटन गर्न मिल्ने प्रावधान नराखिएको बताए ।

प्रधानमन्त्रीले संसदि विघटनको सिफारिस गर्ने अनि थोरै पनि ढिलो नगरी राष्ट्रपतिले त्यसलाई अनुमोदन गरिदिनु मुलुकका लागि दुर्भाग्य भएको उनको भनाई छ ।

# ९७.२ प्रतिशत संक्रमित निको

काठमाडौं, १९ पुस (रासस) ।

नेपालमा हालसम्म २ लाख ५४ हजार ४९४ जना (९७.२ प्रतिशत) कोरोना संक्रमणमुक्त भएका छन् । यससँगै कूल संक्रमितको संख्या २ लाख ६१ हजार ८५९ पुगेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा आयोजित नियमित प्रेस ब्रिफिङमा प्रवक्ता डा जागेश्वर गौतमले गत बुधबारदेखि आइतबारसम्म दुई हजार ३११ जनामा कोरोना संक्रमण पुष्टि भएको जानकारी दिनुभयो । सो अवधिमा तीन हजार १८२ जना संक्रमणमुक्त भएका छन् ।

गत २४ घण्टामा पाँच हजार ८०० जनाको नमूना परीक्षण गर्दा ४२१ मा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । काठमाडौंमा उपत्यकामा ( भक्तपुरमा ११, ललितपुरमा २६ र काठमाडौंमा १६०) १९७ जना कोरोना संक्रमण पुष्टि भएको छ । गएको २४ घण्टामा ६३७ जना कोरोना संक्रमण मुक्त भएका छन् भने ६३७ जना निको भएका छन् । गत बुधबारदेखि आइतबारसम्म ३८ को कोरोनाबाट मृत्यु भएको छ ।



## सम्पादकीय

# राजनीतिक अस्थिरता अन्त्य हुनु आवश्यक

जारि मुलुकको राजनीतिक अस्थिरता समाप्तिका लागि सर्वोच्च अदालतको आदेश सम्पूर्ण नेपालीले पर्खिरहेका छन् । पुस ५ गते प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गर्ने गरेको सिफारिसलाई राष्ट्रपतिले अनुमोदन गरेपछि राजनीतिक अस्थिरता आएको हो । जसको बिरोधमा अहिले झण्डै दुई दर्जन राजनीतिक दलहरु सडक आन्दोलनमा होमिएका छन् । प्रधानमन्त्रीको असंबैधानिक कदम सच्याउनु पर्ने भन्दै उनीहरु संसदको पुर्नस्थापनाका लागि अदालतको आदेशलाई पर्खनुका साथै आन्दोलन समेतलाई अघि बढाएका छन् ।

यसरी मुलुकमा राजनीतिक अस्थिरताले सबै क्षेत्रलाई समेटेको छ । उद्योग, ब्यापारसहित बैंकिङ क्षेत्र पनि यसकारण प्रभावित भएको छ । एक त कोरोना महामारीका कारण मुलुकको अर्थतन्त्र चौपट भएको बेला राजनीतिक अस्थिरताले पुनः मुलुकमा अस्थिरता आएको छ ।

तसर्थ यस्ता अस्थिरतालाई समाप्त पार्न अदालतले पनि चाडो भन्दा चाडो आदेश दिनुका साथै सम्पूर्ण दलले संयमता समेत अपनाउनु जरुरी रहेको छ ।

# नेपालमा पनि जलपन्छी गणना गरिँदै

काठमाडौं, १९ पुस (रासस) ।

हिउँदको चिसो बढेसँगै चराहरूको बसाइँसराइ हुने यस समयमा सिमसार क्षेत्रमा आश्रित रैथाने तथा आगन्तुक चराको विवरण र अवस्था पत्ता लगाउन एवं सङ्ख्याको अध्यावधिक गर्न शनिबारदेखि जलपन्छीको गणना शुरु भएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, नेपाल पन्छी संरक्षण संघ, हिमाली प्रकृति र स्थानियस्तरमा चरा तथा जैविक विविधता संरक्षणको क्षेत्रमा काम गर्ने संस्थाको हातेमालोमा गरिने यस गणनाको विश्वव्यापी रुपमा समन्वय वेटल्याण्ड इन्टरनेशनल संस्थाले गरेको छ ।

नेपालमा यही पुस १८ देखि माघ ५ गते (जनवरी २ देखि १८) सम्म हुने जलपन्छी गणनामा यस क्षेत्रका विज्ञ, सम्बन्धित सङ्घसंस्थाका प्रतिनिधि, स्थानीय स्वयंसेवीलगायत गरी ३०० भन्दा बढी जनशक्ति सम्लग्न रहेको बताइएको छ । यस वर्ष कोभिड-१९ को सङ्क्रमणका कारण स्वास्थ्य सुरक्षा सतर्कता अपनाएर गणना गर्न आयोजक संस्थाले आग्रह गरेका छन् ।

सिमसार र आसपासको क्षेत्रमा प्रजनन गर्ने, चरन गर्ने र आफ्नो अधिकांश समय व्यतीत गर्ने चराका प्रजातिलाई पानी चरा अथवा जलपन्छी भनिन्छ । नेपालमा १०० भन्दा बढी प्रजातिका जलपन्छी रहेको र त्यसमध्ये अधिकांश पाहुना चरा रहेको बताइन्छ ।

स्वयंसेवीरूपमा गरिएको यस गणनामा स्थानीय समुदाय र सरोकारवाला निकायलाई सहभागी बनाई संरक्षणमा जनचेतना अभिवृद्धिसमेत गर्ने उद्देश्य रहेको गणनाका राष्ट्रिय संयोजक डा हेमसागर बरालले जानकारी दिनुभयो । मुलुकभरका पाँच दर्जन बढी सिमसार क्षेत्र, तालतलैया र नदीमा गरिने जलपन्छी गणना तराई क्षेत्रका सिमसार क्षेत्रमा बढी केन्द्रित हुनेछ । शनिबार पूर्वको कोशी टप्पु वन्यजन्तु आरक्ष र सुदूरपश्चिमको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट गणनाको शुरुआत भएको उहाँले बताउनुभयो ।

वेटल्याण्ड इन्टरनेशनलको अगुवाइमा विश्वभर नै यही समयमा जलपन्छी गणना हुने भएकाले विश्वभरकै जलपन्छीको सङ्ख्या आँकलन हुने उहाँले बताउनुभयो । यस गणनामा चरा चिन्ने विज्ञको नेतृत्वमा अन्य सहभागीको सहयोगले चरा पहिचान गरी गणना गरिन्छ । गणनाको विवरण विभागलाई बुझाइने र सार्वजनिक गरिने डा बरालले बताउनुभयो । यस गणनामा सहयोग र समन्वयका लागि विभागले मातहतका सबै कार्यालयलाई पत्र पठाइसकेको जनाएको छ । नेपालका सिमसार क्षेत्रमा यतिबेला विभिन्न प्रजातिका हाँस, बकुल्ला, लामा आउले, सुडसुडियलगायतका चरा बढी देखिन्छन् ।

सन् १९८७ देखि नेपालमा पनि हुँदै आएको यो गणनामा जलपन्छीका प्रजाति, तिनको सङ्ख्या, सङ्कट र वासस्थानमा देखिएका समस्याजस्ता जानकारीको अभिलेख राखिन्छ । गणनामा संलग्न संस्था नेपाल पन्छी संरक्षण सङ्घका संरक्षण अधिकृत कृष्णप्रसाद भुसालले आफूलाई पायक पर्ने ठाउँमा हुने जलपन्छी गणना कार्यक्रममा इच्छुकले सहभागी हुन सक्ने बताउँदै कुनै खास स्थान अथवा दूरीमा आफूले देखेका पानी चराका प्रजाति, तिनको सख्या, सङ्कट र बासस्थानमा देखिएका समस्याजस्ता जानकारी गराउन स्वयंसेवीलाई आग्रह गर्नुभयो ।

सङ्घका अनुसार नेपालमा ८८६ भन्दा बढी प्रजातिका चरा पाइन्छन् । त्यसमध्ये १५० भन्दा बढी हिउँदमा र ६० भन्दा बढी चरा गर्मीयाममा नेपाल आउने पाहुना चरा हुन् । खासगरी उत्तरी ध्रुवमा हिमपातको शुरुआतसँगै अनुकूल मौसम, सुरक्षित वासस्थान र चरनको खोजीमा बर्सेनि करिब १५० प्रजातिका चरा उत्तरी मुलुक रुस, किर्गिजस्तान, तुर्किस्तान, उज्वेकिस्तान, अजरवैजान, चीन, मङ्गोलियाका साथै युरोप, कोरिया तथा तिब्बती क्षेत्रबाट नेपालमा आउने गर्दछन् ।

यसरी जाडो छल्न आउने हिउँदे आगन्तुक पानी चरा सिमसार क्षेत्रमा नै आफ्नो समय व्यतीत गर्दछन् । पाहुना चराको दिगो संरक्षण, तिनको आहार, वासस्थान र उडान मार्गको सुरक्षा साथै आश्रयस्थलका लागि मुलुकका सिमसारको दिगो संरक्षण तथा व्यवस्थापन गर्नु आवश्यक रहेको संरक्षण अधिकृत भुसालले बताउनुभयो ।

चराको बसाइँसराइ मौसमअनुसार फरकफरक हुन्छ । हिउँदेयामको बसाइँसराइ सबैभन्दा लामो दूरीको हुन्छ । ग्रीष्मयामको बसाइँसराइ तुलनात्मकरूपमा कम दूरीको हुन्छ । हिउँदेयाममा तराईका तालतलैयामा बाहिरबाट आएका हाँस प्रजातिका चरा बढी देखिन्छन् । चराको हिउँदेयामको बराइँसराइ असोजको शुरुदेखि माघसम्म हुने गर्छ । हिउँदे आगन्तुक चराले अधिकांश समय कोशीटप्पु, बिसहजारी ताल, जगदिशपुर, घोडाघोडी ताल, शुक्लाफाँटाका ताल क्षेत्र तथा कोशी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीमा व्यतीत गर्छन् ।

पछिल्ला वर्षमा खासगरी सिमसार क्षेत्रको सङ्कुचन तथा विनाश, उडान मार्गमा हुने अवरोध, कृषिमा रासायनिक मलको बढ्दो प्रयोग, जलस्रोतमा विषादीको प्रयोग, अवैध चरा शिकार तथा व्यापार, बदलिँदो तापमान र मौसम परिवर्तनजस्ता कारणले जलपन्छी विस्थापित हुँदै गएका छन् ।

बसाइँसराइ गरी आउने चरा लामो दूरीको यात्राले थकित हुने तथा आश्रयस्थल नयाँ स्थान हुने हुँदा प्राकृतिक तथा मानवीय शिकारको अत्यधिक जोखिम हुन्छ । तसर्थ जलपन्छी संरक्षण र सिमसार क्षेत्रको दिगो व्यवस्थापनका लागि आवश्यक प्रभावकारी कदम चाल्नुपर्ने जरुरी रहेको पन्छी संरक्षणकर्मीको सुझाव छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ
- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

महत्वपूर्ण सवाल :
- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सखडेश्वरी, महिषमर्दिनी, सखडा वा छिन्नमस्ता

**हिमांशु चौधरी र अरूणकुमार यादव**

जनकपुरधाम, १९ पुस (रासस)।

प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता भगवतीको नाम सन्दर्भमा अनुसन्धान आवश्यक देखिएको छ। जनमानसमा सखडेश्वरी, महिषमर्दिनी, छिन्नमस्ताजस्ता नाम पाइएकाले सोबारे वास्तविक तथ्यको खाँचो देखिएको हो।

सप्तरी जिल्लाको छिन्नमस्ता भगवती मन्दिर पर्यटकको आकर्षणको केन्द्र बनेको छ। धार्मिक तथा पर्यटकीय दृष्टिकोणले चर्चित सो स्थानमा बिहानदेखि रातिसम्म भीड लागेको हुन्छ। नेपालीहरू मात्रै नभई भारतीय पनि ठूलो सङ्ख्यामा त्यहाँ पूजा गर्न पुग्ने गर्छन्। सप्तरीको राजविराजबाट १० किलोमिटर दक्षिणमा पर्ने छिन्नमस्ता गाउँपालिकास्थित ठूलोपोखरीको उत्तरी डिलमा रहेको छिन्नमस्ता प्रमुख ५१ शक्तिपीठमध्ये पनि एक हो। धार्मिक तथा पर्यटकीय दृष्टिकोणले आस्थाको केन्द्र रहेको सो स्थानमा बिहानदेखि रातिसम्म नेपाली र भारतीय श्रद्धालुको भीड लागेको हुन्छ।

मन्दिरका पुजारी महानन्द ठाकुरका अनुसार मन्दिरमा दशैँका बेला ठूलो उत्सव नै हुने गरेको छ तर अन्य बेला पनि उत्सवकै माहौल देखिने गरिएको सो मन्दिरमा श्रद्धालुले भाकल पूरा भएपछि लड्डु र बोका चढाउने परम्परा रहेको छ। भगवतीलाई छिन्नमस्ता भगवती, सखडा भगवती, सखडेश्वरी र सखडा माता भनेर पूजा-अर्चना तथा भाकल गरिन्छ। सखडेश्वरीको मस्तक अर्थात् शीर नभएका कारण भक्तजनले सो भगवतीलाई छिन्नमस्ता तथा छिन्नमस्तिका भगवती भनेर सम्बोधन गर्ने गरेको पाइन्छ।

सिम्रौनगढका तिरहुत वंशका राजा शक्रसिंह आफ्ना भाइभारदारको दबाबका कारण छोरा कुमार हरिसिंहदेवलाई राजकाज सुम्पेर शेष जीवन बिताउन सप्तरीको सखडा क्षेत्र गएका थिए। जानकारका अनुसार राजा शक्रसिंहले सखडा क्षेत्रमा आफ्नो कुलदेवी भगवतीको मन्दिर निर्माण गराए, प्रारम्भमा सो क्षेत्रको नाम शक्रा थियो भने कालान्तरमा शक्रा शब्दको अपभ्रंश सखडा भएको हो। त्यतिबेला सो क्षेत्र घना जङ्गलले भरिएको थियो। राजा शक्रसिंहलाई भगवतीले सपनामा भनिन्- "तिमी जुन स्थानमा बसिरहेका छौँ, त्यस स्थानमा त्रिशूल गाडिएको भेटिनेछ र त्यहाँ अरु मूर्ति पनि छेउछाउमा पाउने छौँ। ती मूर्तिहरूको पूजाआजा गरेर बस, तिम्रो भलो हुनेछ।" देवी भगवतीले सपनामा दिएको निर्देशनानुसार राजा शक्रसिंहले त्रिशूल गाडिएको क्षेत्रमा माताको मूर्ति जलाशय अर्थात् हालको शान्ति सागरको किनारमा मूर्तिहरू फेला पारेकाले सोही स्थानमा भगवतीको मूर्ति स्थापना गरी पूजाआजाको थालनी गरेको बताइन्छ।

मन्दिरका पुजारी ठाकुर भन्नुहुन्छ, "बलि प्रदान गर्दा निस्केको रगतमा झिङ्गा नबस्ने, रगत लुगामा लागे पनि दाग नलाग्ने, पोखरीको पानीमा रगत मिसिँदा रातो नहुने, बलि प्रदान गर्ने नाममा राखिएका बोकालाई केही नहुने, बलिका लागि खसी किन्नुअघि कुकुर वा स्याल टोकेको छ भने मन्दिर पुग्दा नपुग्दै मर्ने, बलि प्रदान गरेको खसीबाट निस्किेको रगत सोही पोखरीमा नबगाएमा अनिष्ट हुने, जुठो वा अपवित्र पूजा सामग्री कुकुर र कागले छोएर चढाउन नहुनेजस्ता जनविश्वास र आस्था रहेको शक्तिपीठ हो, छिन्नमस्ता भगवती।"

शोधकर्ता हरिकान्तलाल दासको सप्तरीको राजनीतिक इतिहास नामक पुस्तकमा उल्लेखअनुसार एघारौँ शताब्दीको अन्त्यतिर दिल्लीका सुल्तान गयासुद्दीन तुगलक बङ्गालका विद्रोही नबाबलाई सजाय दिने क्रममा सप्तकोशी नदीको किनारको बाटो हुँदै सखडा आई मन्दिर ध्वस्त गर्दै मूर्तिसमेत तोडफोड गरी जलाशयमा फ्याँकिदिएका थिए। तुगलकको आक्रमणकारी दलले सोही क्रममा सखडादेखि १५ किमी पश्चिम-उत्तरस्थित सप्तरी जिल्लाकै मानराजा गाविसको गढीका मूर्तिसमेत तोडफोड गरेका थिए।

तुगलकको आक्रमणपछि सखडा क्षेत्र जङ्गलमा परिणत भएको अनुमान गरिन्छ, मन्दिरको पूर्वपट्टि घना झाडी थियो, जसलाई अहिले पञ्चमुखी नागवाटिका र केवला वन भनेर चिनिन्छ। यस स्थानमा समय समयमा पञ्चमुखी नागदेवताले दर्शन दिने गरेको बताइन्छ। मन्दिर र मूर्तिको ऐतिहासिक कुरा गर्दा करिब १२५ वर्षअघि सखडाको भगवती मन्दिर भग्न अवस्थामा थियो। यसलाई स्थानीय बासिन्दा चुनीलाल ठाकुरले सफा गरी भिक्षाटनबाट सङ्कलित रकमबाट सानो मन्दिर निर्माण गरेका थिए। सो मन्दिर विसं १९९० को भूकम्पमा फेरि भत्किन पुग्यो र त्यस बेलाका मन्दिरका पुजारी अनिरुद्ध ठाकुरले चन्दा सङ्कलन गरी ग्रामीण समाजको सहयोगले टिनको छाना भएको मन्दिर बनाए।

विसं २०२८ मा जीर्ण मन्दिरलाई तत्कालीन भारतीय रेलमन्त्री ललितनारायण मिश्रको सहयोगमा पक्की मन्दिर भवन साथै तीनकोठे धर्मशाला बनाइयो। त्यसपछि विसं २०४४ मा तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाहदेवले भगवतीको पूजाआजापछि मन्दिरको जीर्णोद्वारका लागि रु पाँच लाख चन्दा दिए र सोही रकमबाट तत्कालीन सगरमाथा अञ्चलका अञ्चलाधीश सूर्यबहादुर सेन ओलीले भगवतीको प्यागोडा शैलीको भव्य र सुन्दर मन्दिरको निर्माण गराएका थिए।

भगवतीको नाम सन्दर्भमा कतिपय शोधकर्ता सखडेश्वरीको पक्षमा छन् भने कतिपयद्वारा छिन्नमस्ता र महिषमर्दिनीको पक्षमा बलियो तर्क प्रस्तुत गरिएको पाइन्छ। चिकित्सक डा अशोकानन्द मिश्रले मन्दिरमा स्थापित मूर्ति छिन्नमस्ताको नभई महिषमर्दिनी भएको तर्क प्रस्तुत गरेको पाइन्छ। उहाँले मूर्तिको पाउको तलको भागमा राँगाको मूर्ति रहेकाले यो छिन्नमस्ता हुनै सक्दैन, यो महिषमर्दिनी दुर्गाको भएको स्पष्ट गर्नुभएको छ। स्थानीयवासी अविनाश प्याकुरेलका अनुसार पोखरीमा फेला परेका पाँच मूर्तिमध्ये मूलमूर्ति दुई भागमा खण्डित थियो, पछि दुईटै खण्डित भागलाई सिंहासनमा सिमेन्टले जोडी स्थापना गरियो, फेला पारिएका सबै मूर्तिको शीर नभएका कारण छिन्नमस्ता नामले ख्याति पाएको हो।

मन्दिरभित्र मूल देवीको रूपमा भगवतीको कालो रङको बुट्टेदार मूर्ति छ। उक्त मूर्तिको पाउतिर राँगाको काटिएको टाउको प्रष्टरूपमा ढुङ्गामा कुँदिएको छ। मूल मूर्तिको देब्रेपट्टि दक्षिणकाली, महिषमर्दिनी र दाहिनेतिर चामुण्डा भैरवी र त्यस्तै कालो रङको अर्को प्रस्तर मूर्ति स्थापित छ। ती मूर्तिलाई पञ्चभगिनी पनि भनिन्छ।

पूजा समितिले सो मन्दिरमा वर्षका चारवटै नवरात्रमा ५६ प्रकारका परिकार बनाई मध्यरातमा पूजा गर्ने गर्दै आएको छ। पूजा गर्दा केही विघ्नबाधा उत्पन्न हुन थालेपछि भगवतीको सिंहासनमा एउटा जन्तर राखी महाअष्टमीको राति तान्त्रिक विधिद्वारा पूजा गर्ने गरिएको छ।

राणाकालका प्रधानमन्त्री चन्द्रशम्शेरको कार्यकालमा विसं १९८४ मा सप्तरी जिल्लाको तिलाठी निवासी ज्योतिष यदुनन्द मिश्रले अष्टधातुले बनेको एउटा घण्टा सखडा मन्दिरमा चढाएका थिए। उक्त घण्टामा शक्रेश्वरी एकपटक र महिषमर्दिनी दुईपटक लेखिएको छ। यसबाट स्पष्ट हुन्छ शक्र सिंहले आफ्नो इष्टदेवी भगवती स्थापना गरेका थिए। सखडा भगवतीको मूर्तिलाई सूक्ष्मरूपले हेर्दा तीनवटा टुक्रा मिलाएर स्थापित गरिएको देखिन्छ।

ज्योतिष मिश्रले चढाउनुभएको घण्टामा उल्लेख छ, "जिल्ले सप्तरी प्रगन्ना पकरी मौजे तिलाठी पण्डितजी यदुनन्द मिश्र तस्य धर्मभार्या जगदम्ब........ सक्रेश्वरी भगवती महिष मर्दिनी श्री त्यव्रीतं घण्टा समर्पणम् भैरवी चामरादात महिषमर्दिनी प्रदाकाली जगदम्बा सरस्वती रक्षन्तु सर्व कालेषु प्रार्थिता यदुननन्द।" यसमा महिषमर्दिनी शब्द दुईपटक प्रयोग गरिएकाले पनि छिन्नमस्ता शब्द शोधको विषय देखिएको हो।

# कोरोनाबाट विदेशमा थप तीन नेपालीको निधन

काठमाडौं, १९ पुस (रासस)।

कोरोना भाइरसको संक्रमणबाट विदेशमा थप तीन जना नेपालीको निधन भएको छ। गैरआवासीय नेपाली संघका अनुसार यस साता बेलायतमा एक र पोर्चुगलमा दुई जनाको निधन भएको हो।

संघ अन्तर्गतको स्वास्थ्य समितिकाअनुसार योसँगै विदेशमा कोरोना भाइरसबाट निधन हुनेको कूल संख्या (२० देशका) ३१५ पुगेको छ। संघको स्वास्थ्य समितिका संयोजक सञ्जीव सापकोटाका अनुसार शनिबार साँझसम्म विभिन्न ५० देशमा रहेका ५३ हजार ३८५ जना नेपालीमा कोरोना संक्रमण देखिएको छ। ती मध्ये ५० हजार ६५६ जना कोरोना मुक्त भएका छन्। यो कूल संक्रमितको ९४ प्रतिशत हो।

समितिका अनुसार यस साता स्पेन, पोल्याण्ड, जापान, युएई, कुवेत, साउदी अरब, कतारमा रहेका थप नेपालीहरुमा कोरोना संक्रमण देखिएको गैरआवासीय नेपाली संघ, कोभिड- १९ उच्चस्तरीय समितिका प्रेस संयोजक चिरन शर्माले जानकारी दिनुभयो।

यस्तै कोरोना भाइरसका कारण नेपालमा एक हजार ८७० जनाको निधन भएको छ। नेपालमा कोरोना भाइरसबाट संक्रमण हुनेको संख्या दुई लाख ६१ हजार ४३८ छ भने दुई लाख ५३ हजार ८५७ जना अर्थात ९७.१ प्रतिशत कोरोनाबाट मुक्त भएका छन्।

**अगामी अप्रिल अन्त्यसम्म नेपालमा खोप आउने**

हाल विश्वका केही मुलुकहरुले फाइजर एण्ड बायोएन्टेक, मोडर्ना, सिनोफार्म तथा अक्सफोर्ड विश्वविद्यालय र एष्ट्राजेनेका कम्पनीले विकास गरेका कोरोना विरुद्धका खोपको आपतकालीन प्रयोगका लागि अनुमति दिइसकेको अवस्था छ।

विभिन्न मुलुकमा तीव्र रूपमा खोप वितरण समेत जारी छ। स्वास्थ्यसमितिका संयोजक सापकोटाका अनुसार आगामी अप्रिल महिनादेखि नेपालमा पनि कोरोना भाइरस विरुद्धको खोप आउनसक्ने सम्भावना रहेको छ। यद्यपि, खोप नआएसम्म स्वास्थ सावधानी अपनाउन जरुरी

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### अफगानमा रक्तपात जारी रहेकै अवस्थामा शान्ति वार्ता शुरु

काबुल, १९ पुस (रासस/एएफपी)।

अफगानिस्तानमा राजनीतिक प्रेरित हत्या र हिंसाका घटना दिनहुँ भइरहेकै अवस्थामा अफगान सरकार र प्रमुख विद्रोही तालिबान समूहबीच कतारमा पुनः वार्ता शुरु भएको छ। महिनौंदेखि वार्ताको क्रम जारी रहेपनि त्यसबाट झिनो सफलता हात लागेको छ, तर दुबै पक्षबीच गत वर्षका वार्ताका आगामी वार्ताका लागि एजेन्डामा सहमति भएको छ जसलाई सुखद मानिएको छ। अफगान सरकारका वार्ताकारले स्थायी युद्धबिराम र हालको शासकीय प्रणाली यथावत् राख्न विशेष रुपमा जोड दिनेछन्। तालिबानी समूहले भने सन् २००१ मा अमेरिकी नेतृत्वमा भएको आक्रमणबाट तालिबान शासन पतन हुँदाको अवस्थाकै शासकीय संरचना चाहेका छन्। एक जना अफगान सरकारी वार्ताकार गुलाम फारुख मजरोहले एएफपीसँग भन्नुभयो, "वार्ता धेरै जटिल र समय लाग्ने किसिमको हुने निश्चित छ। तर हामी जतिसक्दो चाँडो सकारात्मक नतिजा प्राप्त हुनेमा आशावादी छौं किनभने मानिसहरु यस रक्तपातपूर्ण युद्धबाट थकित भइसकेका छन्।" तालिबान समूहले भने कुनै टिप्पणी गर्न चाहेन। महिनौंदेखिको ढिलाइ पश्चात् सङ्घर्षरत पक्षहरुबीच पहिलो प्रत्यक्ष वार्ता सन् २०२० को सेप्टेम्बर महिनामा शुरु भएको थियो, तर छलफलको आधारभूत ढाँचा र धार्मिक व्याख्याको विवादले वार्तामा गतिरोध उत्पन्न भएको थियो। अमेरिकी घनीभूत कुटनीतिक प्रयत्न पश्चात् दुबै पक्षबीच वार्तामा बस्न पुनःसहमति जुटेको थियो। गत वर्ष फेब्रुअरीमा तालिबान र अमेरिकाबीच अफगानिस्तानमा तैनाथ अमेरिकी सेनाको संख्या कटौती गर्ने र सन् २०२१ को मे भित्रै सबै सैनिक फिर्ता गरिसक्ने सम्झौता भएको थियो। अफगानिस्तान सरकार र तालिबानबीचको वार्ता शुरु भएदेखि पनि देशभित्र हिंसात्मक घटनामा कुनै कमी आएको छैन पछिल्लो समय सरकारी पदाधिकारी, अधिकारवादी र पत्रकार लक्षित आक्रमण भइरहेका छन्। काबुल प्रान्तका डेपुटी गभर्नर, पाँच जना पत्रकार र एक जना चुनाव अधिकारवादीको काबुल र अन्य स्थानमा भएका हमलामा ज्यान गइसकेको छ। अफगान अधिकारीले यी आक्रमणमा तालिबानीको संलग्नता रहेको दाबी गरिरहेका छन् तर अधिकांश यी आक्रमणको जिम्मेवारी इस्लामिक स्टेट समूहले लिइआएको छ। "तालिबानले जनतालाई विभाजित गर्ने र सरकारको सुरक्षा संस्थामाथि योजनाबद्धरुपमा जनतामा नैराश्यता उत्पन्न गर्ने कोशिस गरिरहेको छ," राष्ट्रिय सुरक्षा परिषद्का सल्लाहकार जाभिद फैजलले बताउनुभयो। "तर यी हत्याले मानिसलाई अझ बढी एकताबद्ध गराइरहेको छ।" अफगानिस्तान अनुसन्धान तथा मूल्याँकन इकाईका उप निर्देशक निशंक मोतवानीको भनाइमा तालिबानले औपचारिकरुपमा राजनीतिक हत्याको जिम्मेवारी लिने गरेको छैन। मोतवानीले तालिबानी आफ्नो बलियो उपस्थिति दर्शाउन कुनै कसर बाँकी राख्दैनन् भन्नुभयो। तालिबानले सन् २०२० मा देशभर १८ हजारभन्दा बढी आक्रमण गरेको अफगानिस्तानका गुप्तचर निकाय प्रमुख अहमद जिया सिराजले बताउनुभयो। गत वर्षको पहिलो नौ महिनामा दुई हजार १७७ जनाको हत्या भएको र तीन हजार ८२२ जना घाइते भएका थिए। अफगान सर्वसाधारणले राम्रो सुरक्षाको आशा गरिरहेका छन् तर वार्ता बेगर तत्काल सुधार हुने अपेक्षा गर्न सकिन्न "काबुलमा कुनै सुरक्षा नै छैन। हामीले हाम्रा प्रियजन कतिञ्जेल गुमाउँदै जानुपर्ने हो ?" काबुल निवासी जमसिद मोहम्मदले बताउनुभयो।

### भारतमा कोरोनाविरुद्धका दुई खोपलाई स्वीकृति, खोप ७० प्रतिशत प्रभावकारी

नयाँदिल्ली, १९ पुस (रासस/एएनआई)।

भारतमा कोरोनाविरुद्धको दुई ओटा खोपलाई प्रयोगका लागि स्वीकृति दिइएको छ। सेरम इन्स्टिच्यूट अफ इन्डिया र भारत बायोटेकका खोपलाई आपतकालीन अवस्थामा प्रयोग गर्न अनुमति दिइएको हो। विज्ञहरुको सिफारिसका आधारमा दुवै खोपलाई स्वीकृति दिइएको भारतको औषधि नियन्त्रकको कार्यालयले आइतबार जनाएको छ। कार्यालयको निर्णयका बारेमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा खोप कति सुरक्षित छ भन्ने एकिन गरेर मात्रै स्वीकृति गरिएको अधिकारीले बताएका थिए। सुरक्षाको विषय आफूहरुको मुख्य चासो भएको उनीहरुको भनाइ थियो। खोपले कुनै हानि नगरेपनि केही सहायक असर भने गर्न सक्ने अधिकारीले बताएका छन्। सामान्य ज्वरो आउने र अन्य खोप लगाउँदा झैं सामान्य दुखाई लगायतका पीडा हुने उनीहरुको भनाइ छ। सेरमको खोपले यही जनवरी १ र २ तारिखमा तोकिएको मापदण्ड पुरा गरेको पनि नियन्त्रकको कार्यालयले जनाएको छ। यो खोप २३ हजार ७४५ जनामा परीक्षण गर्दा प्रभावकारी नजिता दिएको देखिएको सेरमले दावी गरेको छ। परीक्षणमा १८ वर्ष वा सो सरहदेखि त्योभन्दा धेरै उमेरका मानिस सहभागी भएका थिए परीक्षण गर्दा सेरमको खोपले औसतमा ७०.४२ प्रतिशतसम्म काम गरेको पाइएको अधिकारीले जनाएका छन्। यसको परीक्षण तेस्रो चरणसम्म भएको थियो। सामान्य वा नियमित अवस्थामा भने यी खोप प्रयोग गर्न प्रतिबन्ध लगाइएको छ। यसको विकास र परीक्षणको काम अझै पनि जारी रहेको छ। भारत बायोटेकको खोप भने आइसिएमआर र नेसनल इन्स्टिच्यूट अफ भाइरोलोजीले संयुक्तरुपमा विकास गरेका हुन्। विश्वभरी नै राम्रो मानिएको प्रणालीमार्फत यसको विकास गरिएको पनि अधिकारीले जनाएका छन्। सेरम र भारत बायोटेकका खोप दुई डोज लगाउनु पर्नेछ भने यी खोप दुईदेखि आठ डिग्री सेल्सियसमा भण्डार गर्न सकिने छ।

### बन्दुकधारीद्वारा पाकिस्तानमा ११ मजदुरको हत्या, तीन घाइते

इस्लामावाद, १९ पुस (रासस/सिन्ह्वा)।

पाकिस्तानको बलुचिस्तान प्रान्तमा भएको घटनामा परी कम्तीमा ११ मजदुरको मृत्यु भएको छ। कोइलाखानीमा भएको घटनामा परी त्यहीं कार्यरत मजदुरको मृत्यु भएको हो भने अरु तीन जना घाइते भएका छन्। बोलान जिल्लामा शनिबार गोलीकाण्ड भएको अधिकारीले आइतबार जानकारी दिएका छन्। मजदुरलाई अपरिचित लडाकूले गोली प्रहार गरेको बोलानका उप-आयुक्त मुराद कासीले बताउनुभयो। घटनामा परी घाइते भएका मजदुरलाई स्थानीय अस्पतालमा उपचार गराइएको छ। उनीहरुको अवस्थाका बारेमा जानकारी गराइएको छैन। घटनाका बारेमा अनुसन्धान भइरहेको र अहिलेसम्म कसैले आफ्नो संलग्नताको जिम्मेबारी पनि नलिएको अधिकारीले जनाएका छन्।

# राष्ट्रपतिविरुद्ध अमर्यादित अभिव्यक्ति दिनेमाथि कारवाही हुन्छ : गृहमन्त्री

काठमाडौँ, १९ पुस (रासस) ।

गृहमन्त्री रामबहादुर थापाले राष्ट्रपतिका चरित्र हत्या हुने गरी सामाजिक सञ्जालमा भइरहेको अमर्यादित अभिव्यक्ति दिनेमाथि कारवाही गरिने जानकारी दिनुभएको छ ।

अखिल नेपाल महिला सङ्घ (अनेमसङ्घ) ले आइतबार बुझाएको ज्ञापनपत्र बुझ्दै उहाँले अमर्यादित अभिव्यक्ति दिने माथि मन्त्रालयले छानबिन शुरु गरिसकेको बताउनुभयो ।

मन्त्री थापाले भन्नुभयो,“राष्ट्रपतिको बारेमा सडकबाट राजनीतिज्ञले उठाएको विषय गैरकानूनी र अपराधिक हो, त्यसबारेमा छनबिन भइरहेको छ, कारवाही गर्न निर्देशन दिएको छु ।” सङ्घले प्रधानमन्त्री र राष्ट्रपति विरुद्ध सडकमा र सामाजिक सञ्जालमा अत्यन्तै अमानवीय, अमर्यादित, अशोभनीय, अराजक र निकृष्ट ढङ्गका भाषा र अभिव्यक्ति आइरहेकोमा आपत्ति जनाउँदै छानबिन गरी कारवाही गर्न माग गर्दै गृहमन्त्री समक्ष ज्ञापन पत्र प्रस्तुत गरेको हो ।

“आगामी वैशाखमा निर्वाचन गराउने निर्णय स्वागतयोग्य छ, लोकतन्त्रमा सभा, जुलुस गर्ने आ-आफ्ना विचार अभिव्यक्ति स्वतन्त्रता हुन्छ, तर अराजक र निकृष्ट ढङ्गबाट अभिव्यक्ति दिनु आपत्तिजनक छ । ” ज्ञापन पत्रमा भनिएको छ । सङ्घले आगामी निर्वाचनलाई स्वच्छ र निष्पक्ष वातावरणमा सम्पन्न गराउन पनि सरकारको ध्यानाकर्षण गराएको छ । सङ्घकोतर्फबाट नेत्रीहरु सुजिता शाक्य, तीर्था गौतम, अधिकारकर्मी शर्मीला कार्कीलगायतले मन्त्री थापालाई भेटेर ध्यानाकर्षण गराउनुभएको हो । टोलीले आइतबारै महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री जुलीकुमारी महतोलाई पनि भेटेर ज्ञापनपत्र बुझाएको छ ।

## *कोरोनाबाट ...*

रहेको भन्दै समितिले अझै ढुक्क हुने अवस्था भने नरहेको जनाएको छ ।

बेलायतलगायतका मुलुकमा देखा परेको कोरोना भाइरसको नयाँ प्रकारको (उत्परिवर्तित) भाइरस छिमेकीमूलुक भारतमा पनि फैलिँदै गएकोले नेपालमा पनि उच्च सावधानीको आवश्यकता समितिले औंल्याएको छ । भारतसहित बेलायत, युरोपेलि मुलुक, अमेरिकालगायत नयाँ प्रकारको भाइरस देखा परेका देशमा बसोबास गर्ने नेपालीलाई पनि सचेत रहन समितिले आग्रह गरेको छ ।

# सन् २०२० मा मात्रै दुई लाख ३० हजार

काठमाडौँ, १९ पुस (रासस) ।

सन् २०२० मा दुई लाख ३० हजार ८५ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन् । अध्यागमन विभागले नेपाल पर्यटन बोर्डलाई उपलब्ध गराएको तथ्याङ्कअनुसार हवाईमार्ग त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थबाट एक लाख ८३ हजार १३० तथा स्थलमार्ग हुँदै ४६ हजार ९५५ जना पर्यटक नेपाल आएका हुन् ।

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीका कारण अघिल्लो वर्षको तुलनामा ८० दशमलव ८ प्रतिशत पर्यटक आगमन घटेको छ । सन् २०१९ मा ११ लाख ९७ हजार १९१ पर्यटकले नेपाल भ्रमण गरेका थिए । त्यस्तै सन् २०१८ मा ११ लाख ७२ हजार ७२ पर्यटक नेपाल आएका थिए ।

कोभिडका कारण करीब छ महिना नियमित अन्तरराष्ट्रिय उडान प्रतिबन्ध भएकाले विदेशी पर्यटक घटेका हुन् । बन्दाबन्दीपछि गत भदौ १६ देखि अन्तरराष्ट्रिय र असोज ५ गतेदेखि आन्तरिक उडान सञ्चालनमा आएको थियो । बोर्डका अनुसार सबैभन्दा बढी भारतबाट सबैभन्दा बढी भारतबाट २५ हजार ३२० पर्यटक नेपाल आएका छन् । चीनबाट नौ हजार ८०८ जना, अमेरिकाबाट नौ हजार ६८२ जना, थाइल्यान्डबाट नौ हजार ५१८ जना र म्यान्माबाट नौ हजार ४०० जना पर्यटकले नेपाल भ्रमण गरेका छन् ।

महामारीका कारण पर्यटक आगमन घटेको बोर्डका निर्देशक मणि लामिछानेले बताउनुभयो । नेपाल घुम्न बढी पर्यटक मुख्य मुलुकबाट प्रतिशतका आधारमा भारतबाट सबैभन्दा बढी १७ दशमलव पाँच प्रतिशत पर्यटक आगमन छ । म्यान्माबाट नौ दशमलव एक, थाइल्याण्डबाट नौ, चीनबाट आड दशमलव चार, अमेरिकाबाट सात दशमलव सात र श्रीलङ्काबाट पाँच दशमलव आठ प्रतिशत पर्यटक आगमन रहेको छ ।

सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षका रुपमा मनाएर उक्त अवधिमा २० लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको थियो । कोरोना महामारीले भ्रमण वर्ष नै स्थगित गर्नुपर्ने बाध्यता पऱ्यो । नेपालका प्रमुख १० पर्यटक स्रोत मुलुकमा भारत, चीन, बङ्गलादेश, श्रीलङ्का, थाइल्याण्ड, अमेरिका, बेलायत, जापान र जर्मनी रहेका छन् । गत वर्ष १० को यो सूचीमा अष्ट्रेलिया, दक्षिण कोरिया र फ्रान्स थिए ।

## नेपाल पत्रकार महासंघ, शाखा सप्तरी
## बार्षिक साधारण सभा सम्बन्धी सूचना

जारी मिति : २०७७ पुस १८ गते

**आदरणिय सदस्य महानुभाव !**

नेपाल पत्रकार महासंघ, शाखा सप्तरीको बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा हुन गईरहेको हुँदा उक्त अवसरमा गरिमामय उपस्थितीका लागि यस शाखा आबद्ध सदस्य महानुभावहरुमा हार्दिक आमन्त्रण सहित सादर अनुरोध गदछौं ।

मिति : २०७७ माघ ०३ गते ।
समय : बिहान ९ बजे (उदघाटन)
स्थान : तिलाठी कोईलाडी गाउँपालिका-५ बनरझुला स्थित सशस्त्र प्रहरी बेस क्याम्प नजिक

नेपाल पत्रकार महासंघ
शाखा, सप्तरी

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**





देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*